तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १० मितिः २०८०/०९/२६ गते

## भाग-२

## तमानखोला गाउँपालिका

## तमानखोला गाउँपालिकाका परम्परागत टेलर व्यवसायहरुलाई व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** बागलुङ जिल्लाको तमानखोला गाउँपालिका बजार क्षेत्रबाट ताढा रहेको र परम्परागत व्यवसायलाई अंगाल्दै आइरहेको पालिका हो । यहाँका मानिसहरुलाई दैनिक रुपमा आवश्यक पर्ने कुर्ता, सुरुवाल, सर्ट, फक, चौबन्दि आदि हाते सिलाई मेसिन को सहयोगमा पुरानै शैली र परम्परागत तरिकाले सिलाउदै आइरहेको देख्न सक्छौं जसको कारण टेलर व्यवसाय नयाँ पुस्ताहरुको आकर्षणको व्यवसाय बन्न नसकेको र लोप हुँदै गईरहेको छ यस परिपेक्ष्यमा स्तरीकरण गर्दै आधुनिकिकरण गर्नका लागि तमानखोला गाउँकार्यपालिकाको स्वीकृत वार्षिक कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा सञ्चालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी तमानखोला गाउँकार्यपालिकाले देहाय बमोजिमको कार्यविधि जारी गरेको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "परम्परागत टेलर व्यवसायहरुलाई व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

क) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिवाट लागु हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) कार्यक्रम भन्नाले परम्परागत टेलर व्यवसायहरुलाइ व्यवस्थापन कार्यक्रम सम्झनु पर्छ ।

**ख)** "गाउँपालिका" भन्नाले तमानखोला गाउँपालिकालाई सम्झनु पर्दछ ।

**ग)** "अध्यक्ष" भन्नाले तमानखोला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

**घ)** “उपाध्यक्ष” भन्नाले तमानखोला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

**ङ)** “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले तमानखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

**च)** “वडा भन्नाले” तमानखोला गाउँपालिकाको सबै वडाहरुलाई सम्झनु पर्दछ ।

छ) “समिति” भन्नाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ५२ बमोजिम गठन गरिएको उद्यम विकास समिति सम्झनु पर्दछ ।

**३. उद्देश्यहरु :** यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः-

क) दैनिक जिवनमा आवश्यक पर्ने कपडाहरुलाई आकर्षक ढङ्गले कटाई तथा सिलाई गरी गुणस्तरीय सेवा प्रवाह गर्ने,

ख) घरमै खाली समयको सदुपयोग गर्ने उद्देश्यले सेवामुलक व्यवसाय सिलाई कटाई गरी लघु उद्यमको विकास गर्ने ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालनका विधि

**४. कार्यक्रम सञ्चालनका भौगोलिक क्षेत्रहरुः** कार्यक्रम बागलुङ जिल्लाको तमानखोला गाउँपालिका क्षेत्र भित्र सञ्चालन गरिनेछ ।

**५. सूचना प्रकाशन तथा प्रस्ताव छनौटः**

१) यस कार्यक्रम सञ्चालनका लागि तमानखोला गाउँपालिकाको कार्यालयले ७ दिने सूचना प्रकाशन गर्नेछ साथै वडा कार्यालयमा सूचना टाँस गरी जानकारी गर्नेछ ।

२) अनुसूचि-१ बमोजिमको ढाँचामा निवेदन तथा तोकिएको कागजातहरु संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी आवेदकले सूचनामा तोकिएको निकायमा पेश गर्नु पर्नेछ ।

**६. अनुदान प्रकृयाः**

१) प्रस्तावकले सिलाईकटाई व्यवसाय गर्दै आएको हुनुपर्ने छ ।

२) प्रस्तावकले दैनिक रुपमा प्रयोग गरिने कपडाहरु सिलाईकटाई गरि दैनिक रुपमा सेवा दिदै आएको हुनु पर्नेछ ।

३) कार्यक्रम सञ्चालनको लागि सिलाईकटाई व्यवसाय दर्ता गरेका अनुदान ग्राहीलाई ८०% अनुदानमा आवश्यकता पहिचानको आधारमा सामाग्री तथा कच्चा पदार्थ उपलब्ध गराइने छ ।

४) व्यवसाय दर्ता गरि नविकरण गरेको हुनुपर्ने छ ।

**७. भुक्तानीको लागि पेश गर्नु पर्ने कागजातः** १)रकम भुक्तानीको लागि देहायबमोजिमका कागजातहरु संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ :-,

क) तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

ख) कार्यसम्पन्न प्रतिवेदन,

ग) विल विजकहरुको सक्कल प्रतिलिपि,

घ) खरिद गरिएका उपकरणहरुको फोटो,

परिच्छेद-३

## <u>कार्यक्रमको समन्वय, अनुगमन तथा मुल्याङ्कन व्यवस्था</u>

**१०. अनुगमनको व्यवस्थाः** १) कार्यक्रमको अनुगमन उद्यम विकास समिति ले गर्न सक्नेछ ।

**११.बाधा अड्काउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरि फुकाउन सक्नेछ ।

**१४.** परिमार्जन तथा संशोधन कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले गरिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**अनुसूची-१**

(दफा ५ को उपदफा(२) सँग सम्बन्धित)

**<u>टेलर व्यवसायलाई व्यवस्थापन अनुदान माग गरी दिईने निवेदन ढाँचा</u>**

श्री…………………… मिति…………………………
…………………………।

विषयः टेलर व्यवसाय व्यवस्थापन अनुदान सहयोगका लागि प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँबाट मिति……………………………मा प्रकाशित सूचना अनुसार टेलर व्यवसाय व्यवस्थापनका लागि मलाई सरकारी अनुदान आवश्यक भएकोले तोके बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कुल लागत रु……………………… मध्ये रु………………………

आफूले लगानी गरेर सिलाइ कटाइएका लागि मलाई आवश्यक मेसिन तथा औजारहरु तहाँको कार्यालयबाट अनुदान पाउँ ।

**<u>संलग्न कागजातहरुः</u>**

१. नेपाली नागरिकताको प्रमाणपत्र

२. स्थानीय तहमा टेलर व्यवसाय दर्ताको प्रमाणपत्र

३. तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपि

६. वडाको सिफारिस

**अनुसूची-२**

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

खण्ड-क

**<u>प्रस्ताव ढाँचा</u>**

१. प्रस्तावक संस्थाको
नामः..............................................................................................................
२. परियोजना स्थालको ठेगानाः जिल्ला.............................. गा.पा...................... वडा नं. ...................... टोल ..................................
३.परियोजना सञ्चालक (प्रोप्राइटर) को नामः ....................................................
४. ठेगानाः जिल्ला..................... गा.पा/न.पा./उप.म.न.पा. .................................... ......................... वडा नं........... टोल ........................
५.परियोजना सञ्चालकको सम्पर्क नम्बर( २ वटा सम्पर्क नम्बर दिनु पर्नेछ )
६. परियोजना दर्ता भएको कार्यालय ......................................................................
दर्ता नं.............................. मिति....................................................
७. टेलर सञ्चालन कैले बाट शुरु भएको हो मिति उल्लेख गर्नेः ...........................
८. टेलर उद्योग को स्तरीकरण गनेुपर्ने कारण के हो ..............................................................
९. कति वर्ष देखि टेलर व्यवसाय गर्दै आउनु भएको छ .......................................................
१०. शैक्षिक योग्यता कति छ .......................................................
११. सामाजिक समावेशी (महिला, दलित ,अन्य)............................................

**खण्ड -ख**

**<u>वडा कार्यालयको सिफारिस</u>**

...................... को सूचना बमोजिम अनुदान पाउँ भनी निवेदकले उल्लेख गरेको उपरोक्त विवरणहरु ठिक छन । ............... को लागि निज श्री .................................... बाट पेश भएको निवेदन बमोजिम अनुदान उपलब्ध गराई दिनु हुन सिफारिस साथ अनुरोध छ ।

सिफारिस कर्ताको नाम — मिति
पद — वडा कार्यालयको छाप
दस्तखत

आज्ञाले,
अमित परियार
प्रमुख प्रशासकीय अधिकृत